Terhathum Multiple Campus Research Journal Vol. 8 No. 3 2025

ISSN: 2565-487X (Print)

Submitted Date: Oct. 01, 2024

Accepted Date: May 11, 2025

Research management Cell, Terhathum Multiple Campus

# समर्पणको बाटोमा कथासङ्ग्रहका कथाहरूमा दबाब र तनाबजन्य अनुभूति

**सोमनाथ घिमिरे***

***सार***

'समर्पणको बाटोमा' कथासङ्ग्रहका कथाहरूले नेपाली समाजमा व्याप्त सामाजिक, राजनैतिक र वर्गीय विभेदको यथार्थपरक चित्रण गरेका छन् । यी कथाहरूमा मार्क्सवादी चिन्तन र प्रगतिवादी धाराको प्रभाव स्पष्ट देखिन्छ । ढकालले प्रभुत्वशाली पिँढी/समुदाय (शोषक, सामन्ती) ले अधीनस्थ पिँढी/समुदाय (किसान, मजदुर, राजनीतिक रूपमा कमजोर) माथि गर्ने शोषण, दमन, अन्याय र अत्याचारलाई मार्मिक रूपमा प्रस्तुत गरेकाछन् । रेमन्ड विलियम्सको सिद्धान्तको प्रयोग गर्दै, यस विश्लेषणले कसरी प्रभुत्वशाली पिँढी/समुदायले अधीनस्थ पिँढी/समुदायमाथि आर्थिक, सामाजिक र राजनीतिक दबाब सिर्जना गर्छ भन्ने कुरामा जोड दिएको छ । यी कथाहरुबाट अधीनस्थ पिँढी/समुदायले भोग्नुपर्ने गहिरो दबाब र तनाबलाई मात्र नभई, कतिपय अवस्थामा प्रतिरोधको चेतना, अडान र नयाँ संस्कृतिको सम्भावित उदयलाई पनि सङ्केत गरिएको छ । समग्रमा, 'समर्पणको बाटोमा' कथासङ्ग्रहले नेपाली समाजमा प्रभुत्वशाली पिँढी/समुदाय र अधीनस्थ पिँढी/समुदायबिचको जटिल अन्तरसम्बन्ध र त्यसबाट उत्पन्न हुने अनुभूतिको संरचनालाई कसरी सफलतापूर्वक प्रस्तुत गरेको छ भनी उजागर गरेको छ ।

***शब्दकुञ्जी*** : प्रभुत्व, अधिनस्थ, उदयीमान चेत, संस्कृतिजन्य अनुभूति, उपसंस्कृति, अनुभूतिको संरचना

*शिक्षण सहायक, तेह्रथुम बहुमुखी क्याम्पस, आठराई-६ तेह्रथुम, som.ghimire@temc.tu.edu.np, somgh55@gmail.com, https://orcid.org/0009-0008-1763-492X

## विषय परिचय

घनश्याम ढकाल (२०१०-२०६९) आधुनिक नेपाली साहित्यको कथा विधाका क्षेत्रमा यथार्थवादी प्रगतिवादी धारामा कलम चनाउने कथाकारको रूपमा परिचित छन् । उनी कथा लेखनका क्रममा मार्क्सवादी चिन्तन र क्रान्तिकारी चेतनालाई सहज रूपमा प्रस्तुत गर्दछन् । उनका *भरिया र यात्री* (२०४६) *सहिद मानचित्रमा नपरेको सहिद* (२०४८) *समर्पणको बाटोमा* (२०५१) *आजको महाभारत* (२०५५) र *सहिदको शालिक* (२०६६) गरी जम्मा ५ वटा कथासङ्ग्रह प्रकाशित भएका छन् । उक्त कथा सङ्ग्रहहरूमध्ये *समर्पणको बाटोमा* शीर्षकको कथासङ्ग्रहका कथाहरूमा उनले प्रगतिवादी चिन्तनलाई प्रस्तुत गरेका छन् । ढकालका सबैजसो कथाहरूमा नेपाली समाजका प्रभुत्वशाली पिँढी/समुदायले अधिनस्थ पिँढी/समुदायमाथि गरिने, अन्याय, अत्याचार, शोषण र दमनलाई उजागर गरिएको पाइन्छ, साथै नेपाली समाजमा विद्यमान वर्गीय द्वन्द्वलाई उजागर गरिएको छ ।

अनुभूतिको संरचना बेलायती समाजशास्त्री रेमन्ड विलियम्स (सन् १९२१-१९८६) द्वारा प्रतिपादित सिद्धान्त हो । यो साहित्यलाई समाज र संस्कृतिसँग जोडेर समीक्षा गर्ने मान्यता हो । यस सिद्धान्तअनुसार समाज, संस्कृति र साहित्यलाई परम्पराको सूत्रले गाँसेको हुन्छ । रेमन्ड विलियम्सले अनुभूतिको संरचना सिद्धान्तको व्याख्या गर्ने क्रममा कृति विश्लेषणका निमित्त मूलभूत रूपमा दुईवटा आधार हुन्छन् भन्ने धारणा व्यक्त गरेका छन् ती हुन् १. कृतिमा अभिव्यक्त पिँढी/समुदाय र प्रभुत्वको अवस्थाको खोजी र २. दबाब र तनाबका सन्दर्भमा पिँढी/समुदायगत अनुभूतिको अवस्था । यिनै दुईवटा तत्त्वहरूलाई नै रेमन्ड विलियम्सको समाजशास्त्रीय अध्ययनको मुख्य आधार मान्न सकिन्छ । यी पक्षहरूको यथोचित प्रयोगद्वारा साहित्यको समाजशास्त्रीय व्याख्या सम्भव छ, जसलाई समष्टिमा अनुभूतिको संरचनाको सैद्धान्तिक मान्यता मान्न सकिन्छ । रेमन्ड विलियम्सले साहित्य समीक्षाको मूल आधार अनुभूतिको संरचनालाई बनाएका हुनाले यहाँ पनि अनुभूतिको संरचनाअन्तर्गतको दबाब र तनाबका कोणबाट ढकालद्वारा लिखित *समर्पणको बाटोमा* कथासङ्ग्रह भित्रका प्रतिनिधि कथाहरूमा दवाब र तनाबजन्य अनुभूतिको अवस्था के-कस्तो छ भनी खोजी गरिएको छ ।

## अध्ययनविधि

घनश्याम ढकालको 'समर्पणको बाटोमा' शीर्षकको कथासङ्ग्रहका कथाहरूलाई प्राथमिक श्रोतको सामग्री एवम् अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधार भएका कृति, लेख रचना, कथासङ्ग्रहका सन्बन्धमा भएका पूर्वअध्ययन र त्यससँग सम्बद्ध सामग्रीहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ । यी दुबै स्रोतका सामग्रीहरू पुस्तकालय स्रोतबाट नै लिइएको छ । सङ्कलित सामग्रीको विश्लेषण भने निगमनात्मक विधिमा केन्द्रित रहेको छ । अनुभूतिको संरचनाको सैद्धान्तिक मान्यताका आधारहरूमध्ये दबाब र तनाबसम्बन्धी मान्यताका आधारमा यस सङ्ग्रहमा रहेका कथाहरूमध्ये विश्लेषणका निम्ति उपयुक्त देखिएका तीनवटा कथाहरूको विश्लेषण गरिएको छः ।

**सैद्धान्तिक आधार**

अनुभूतिको संरचना सहित्यको समाजशास्त्रीय कोणबाट विश्लेषण गर्ने सिद्धान्तमध्ये एक महत्त्वपूर्ण सिद्धान्त हो । यस सिद्धान्तको प्रतिपादन वेलायती चिन्तक रेमन्ड विलियम्स (सन् १९२१-१९८८) ले गरेका हुन् । साहित्यको विश्लेषण गर्ने समाजशास्त्रका विभिन्न सिद्धान्तहरू पनि प्रचलनमा रहेका छन् । तिनीह्रूमध्ये पनि हिप्पोलाइ एडल्फ तेनको क्षण, जाति र पर्यावरण, लियो लावेन्थलको सामाजिक मनोविज्ञान, स्कार्पिटको लेखक, प्रकाशक र पाठक, लुसिएँ गोल्डमानको विश्वदृष्टि र क्रिस्टोफर कडबेलको सामाजिक आर्थिक अवस्था र भाषा समाजशास्त्रका मुख्य सिद्धान्तहरू प्रचलनमा रहेका छन् । साहित्यको समाजशास्त्रले साहित्यमा उद्घाटन भएका सम्पूर्ण प्रक्रियाहरूलाई खोजी गर्दै त्यसलाई सरल एवम् सहज ढङ्गबाट बुझ्न सकिने बनाउने कार्यमा सहयोग पुऱ्याउँछ । साहित्यकारका अनुभूतिहरूलाई जुनसुकै कृतिले अस्तित्वमा ल्याउन सक्छन् तर समाजशास्त्रीय सिद्धान्तले साहित्यकारको अनुभूतिजन्य परिणति मात्र नभएर सामाजिक, सांस्कृतिक,आर्थिक, नैतिक, धार्मिक आदिजस्ता पक्षहरूले कृतिको सामाजिक संरचनाको निर्माण गर्दछ । तिनै सामाजिक संरचनाको साहित्यिक प्रतिक्रिया लेखकले आफ्ना कृतिमा व्यक्त गरेको हुन्छ । साहित्य भनेको समाज, संस्कृति, धर्म, अर्थ, कानुन, राजनीति, रीतिरिवाज एवम् व्यवहारह्रूको समष्टि रूप हो, जसमा परम्परा, संस्कृति, इतिहास, आर्थिक अवस्था एवम् व्यवहार र प्रकृयाहरू एकीकृत भएर आएका हुन्छन् । त्यसकारण साहित्यको उचित मूल्याङ्कनक निमित्त साहित्यलाई समाज निरपेक्ष रूपमा राखेर अध्ययन विश्लेषण गरिनु उचित हुँदैन । यसको उचित मूल्याङ्कन समाज सापेक्ष भएर मात्र सम्भव छ भन्ने मान्यता नै समाजशास्त्रीय मान्यता हो ।

अनुभूतिको संरचनाको सम्बन्ध मानव संस्कृतिसँग जोडिएको हुन्छ । यो समाजशास्त्रीय अध्ययनसँग सम्बन्धित अवधारणा हो । समाजमा विद्यमान परम्परित मूल्य मान्यताहरूलाई विपरीत समुदायले बहिष्कार गरेका हुन्छन् । त्यसैले अनुभूतिको संरचना उपसंस्कृतिको एउटा फराकिलो अवधारणासँग सम्बन्धित रहेको हुन्छ, तर यो मूलधारको संस्कृतिभन्दा पूरै विपरीत भने हँदैन । विपरीत संस्कृतिले सामाजिक एवम् राजनैतिक परिदृष्यहरूलाई आफूमा समावेश गरेको हुन्छ भने अनुभूतिको संरचना राजनैतिकका अतिरिक्त गैर राजनैतिक पनि हुन्छ । यसको उद्देश्य नै प्रभुत्वशाली सामाजिक मूल्य एवम् मान्यताह्रूलाई प्रत्यक्ष रूपमा आफ्नो जीवनशैली र कार्यका माध्यमबाट चुनौती दिने हो ।

रेमन्ड विलियम्सले दबाब र तनाबका सन्दर्भबाट देखा पर्ने बिभिन्न प्रकारका अनुभूतिको संरचनाको स्वरूपलाई पुष्टि गर्ने काम गरेका छन् । उनले सामाजिक चरित्रलाई नै नैतिक वा आदर्श मानेका छन् । यही नैतिक वा आदर्शबाट जन्मिने अनुभूतिको उच्चारण नगरी अथवा प्रत्यक्ष रूपमा देखा नपरी कुनै स्पष्ट वा मूर्त किसिमको दबाब उत्पन्न हुन सक्छ । यसको समाधानका रूपमा प्रभुत्वशाली संस्कृतिलाई पछाडि छोड्न र नयाँ संस्कति विकास गर्ने तत्त्व हुन्छ (पाण्डेय, २०७३, पृ.३१) । विलियम्सले अनुभूतिको संरचनालाई समस्याको समाधानतर्फ उन्मुख सामाजिक अनुभवको संज्ञा दिएका छन् । उनका अनुसार सुरुमा यो वैयक्तिक रूपमा

व्यक्त हुन्छ र पछि यसले समुहगत वा सामाजिक आकार ग्रहण गर्दछ । यसमा विषयगत र वस्तुगत दुबै तत्त्व अन्तर्निहित हुन्छन् । अनुभूति विषयगत पक्ष हो भने रचना वस्तुगत पक्ष हो । यसको ढाँचा विचारधारा जस्तो मूर्त एवम् दृश्य प्रकृतिको हुँदैन । बरु सामाजिक जीवनमा अनुभवका तहमा देखिने मूल्यहरूको अमूर्त संरचनाका रूपमा लिन सकिन्छ भन्ने उनको धारणा रहेको देखिन्छ । साहित्यका समालोचकहरूले यसको सम्बन्ध जर्ज लुकाचद्वारा प्रतिपादित 'सम्भावित चेतना' साथै लुसिएँ गोल्डमानको विश्वदृष्टिसँग देखाउने प्रयास गरेका छन् । कुनै पिँढी/समुदायहरू बिचको सम्बन्ध र गतिविधिका सम्बन्धमा परिवर्तन भइरहने दबाबका सीमाभित्र यसले सोझै प्रभुत्वशार्ली पिँढी/समुदायको स्वार्थलाई व्यक्त गर्दैन, तर शासितहरूले भने प्रभुत्वशाली पिँढी/समुदायको अनुभूतिलाई सामान्य चेतना र सामान्य यथार्थका रूपमा ग्रहण गरिरहेको हुन्छन् । यसरी प्रभुत्वशाली पिँढी/समुदायको प्रभुत्वले समाजको भिन्न तहमा प्रवेश गरिरहेको हुन्छ । यस किसिमको प्रवेश कुनै मूर्त किसिमको नभई यो सांस्कृतिक किसिमको हुन्छ भन्ने उनको धारणा रहेको देखिन्छ ।

रेमन्ड विलियम्सले ग्राम्सीको प्रभुत्वसम्बन्धी धारणालाई आत्मसात् गरेर संस्कृतिको राजनैतिक दृष्टिकोणलाई मूल्याङ्कन गरेको देखिन्छ । 'प्रभुत्व' शब्द प्रधानता एवम् अधिनस्थतासँग सम्बन्धित छ, साथै यसले अनुभूतिको संरचनालाई प्रभाव पार्दछ । अनुभूतिको संरचनालाई पिँढी/समुदायगत परिप्रेक्ष्यमा हेर्न सकिने र त्यस क्रममा प्रभुत्वशाली पिँढी/समुदाय र अधीनस्थ वा वैकल्पिक पिँढी/समुदायका आ-आफ्नै किसिमका अनुभूतिका संरचना हुने तथा प्रभुत्वशाली पिँढी/समुदायले आफ्नो संस्कृति एवम् तत्जन्य अनुभूतिलाई अधीनस्थ पिँढी/समुदायमाथि नजानिँदो किसिमले विस्तार गर्ने प्रयास गर्दछ । तसर्थ एकै कालखण्डमा पनि व्यक्तिगत वा आत्मगत स्तर साथै पिँढी/समुदायको अनुभूति एकै किसिमको नभई भिन्न-भिन्न किसिमको हुन्छ, त्यसैले यो सर्वत्र एक समान हुँदैन । यो सबै प्रभुत्वशाली पिँढी/समुदायले अधीनस्थ पिँढी/समुदायमाथि प्रयोग गर्ने दबाब र तनाबले पिँढी/समुदाय र पिँढी/समुदायका बिचको अनुभूति भिन्न-भिन्न हुनु स्वाभाविक मानिन्छ ।

रेमन्ड विलियम्स पिँढी/समुदायलाई बढी जोड दिन्छन् र त्यसभित्र अन्तर्सम्बन्धको विश्लेषण गर्न खोज्दछन् । त्यस क्रममा उनी व्यक्ति-व्यक्ति, समूह-समूह, पिँढी-पिँढीका बिचको विश्लेषण हुनुपर्ने धारणा अगाडि सार्छन् । उनका विचारमा यो एक प्रकारले समुदायभित्रका व्यक्ति र समूहको अन्तर्क्रियाको अध्ययन हो, जसमा द्वन्द्वको सन्दर्भ पनि आएको हुन्छ तथा दबाब र तनाबको अन्तर्सम्बन्ध पनि रहेको हुन्छ । त्यस्ता दबाब र तनाबका माध्यमबाट उत्पन्न भएको अनुभूति कस्तो वा कसरी व्यक्त भएको छ ? भन्ने अध्ययन नै अनुभूतिको संरचना हो र यसभित्र धारणा, विचार, अनुभव, आग्रह, पूर्वाग्रह, संवेग जस्ता कुराहरू पर्दछन् । यसलाई उनी सामाजिक व्यवस्थाको वास्तविक रूप पहिचान गर्ने विशिष्ट अवधारणा हो भन्ने मान्यता राख्दछन् । यस सन्दर्भमा विलियम्सको दृष्टिकोणलाई ताराकान्त पाण्डये यसरी प्रस्तुत गर्दछन् :

> मेरो यो अवधारणा व्यक्तिगत र सार्वजनिकलाई छुट्याएर हेर्ने अवधारणा होइन । दुबैलाई जोडेर हेर्ने हो । छुट्याउँदा वास्तविक समाज हेर्न सकिन्न । यो सामाजिक अनुभव र व्यक्तिगत अनुभव दुबैलाई हेर्ने धारणा हो । यो लेखिएको पाठलाई हेर्ने मात्र होइन, लेख्य सामग्रीभन्दा बाहिरको संसारसँग पनि त्यसको सम्बन्ध हुन्छ र त्यसलाई पनि हेर्नु पर्दछ भन्ने धारणा हो । म कोठामा बसेर लेख्दा आएको हुन्छु । त्यसैले त्यो मेरो मात्रै अनुभव होइन । स्रष्टा एक्लो व्यक्ति होइन । मैले प्रयोग गरिरहेको भाषा मेरो मात्र होइन । त्यसैले सिर्जनामा मेरो वैयक्तिकता हुँदैन । त्यो सार्वजनिक सामुहिक हुन्छ । त्यो मेरो मात्रै होइन । म अरूको ठूलो संसारमा हुन्छु । (पाण्डेय, २०७३, पृ. ३४)

रेमन्ड विलियम्सका अनुसार यो एक प्रकारले व्यक्तिगत र सार्वजनिक दुबैलाई जोडेर हेर्ने समग्रतावादी पद्धति हो । अहिले वा हिजोको कुनै पनि समाजको साहित्य सामाजिक अवस्थाबाट बाहिर रहँदैन । समग्र मानिसहरूको अनुभूतिको संरचनाको सेरोफेरोमा नै साहित्य रहेको हुन्छ । अनुभूतिको माध्यमबाट त्यो कुनै कालखण्ड विशेषका समुदायह्रूका बिचको अन्तर्सम्बन्ध, त्यस क्रममा सृजना हुने दबाब र तनाब अनि त्यसले जन्माउने विशिष्ट अनुभूति र त्यसको समाधानका रूपमा देखा पर्ने प्रयासले जन्माउने अर्को अनुभूति आदि समग्रताको अध्ययन यसमा गर्न सकिन्छ ।

अनुभूतिको संरचना व्यवहारिक अनुभव र सैद्धान्तिक मान्यता दुबै हो साथै इतिहासको मूल्याङ्कन गर्ने साधन पनि हो । यो कुनै उत्पादन होइन बरु एउटा प्रक्रिया हो । यसबाट साहित्यको विकासप्रक्रिया र त्यसको सामाजिक परिवर्तनको ढाँचासँगको सम्बन्धलाई हेर्न सकिन्छ । यस पद्धतिले साहित्यलाई हेर्ने पूर्वाग्रही पद्धतिलाई विस्थापित गरेको छ । यसले विभिन्न सांस्कृतिक उत्पादक समूहबिच रहने अन्तर्सम्बन्ध के-कस्तो छ भन्ने कुराको विश्लेषणको आधार प्रदान गर्दछ ।

रेमन्ड विलियम्सले साहित्यको समीक्षाका क्रममा आत्मपरक पक्षलाई बढी महत्त्व दिँदै मार्क्सवादी दृष्टिकोणमा आत्मपरक एवम् वैयक्तिक पक्षको उपेक्षा हुने कुरा औँल्याएर त्यसको आलोचना पनि गरेका छन् । उनी के भन्दछन् भने जब वर्गीयताको कुरा गरिन्छ, तब रचनाको अनुभव पक्षको (अनुभूति) उपेक्षा हुन पुग्छ । कुनै कुनै रचनामा सचेत विचार साथै नयाँ अनुभूतिका बिच तनाब पनि पाइन्छ । अनुभूतिको संरचनाको सहयोगबाट त्यस तनाबको व्याख्या गर्न सकिन्छ (पाण्डेय, सन् १९८९, पृ. १८१) । अनुभूतिको संरचनाका आधारमा साहित्यको अध्ययन गर्दा कृतिमा विद्यमान पिँढी/समुदाय तथा त्यस्ता पिँढी/समुदाय वा सांस्कृतिक समूहको अन्तर्सम्बन्धको खोजी भिन्न भिन्न पिँढी/समुदायको अनुभूतिलाई बुझ्न समाजमा विद्यमान संस्कृति र दबाब तथा तनाबको अन्तर्सम्बन्धको ज्ञान हुनुपर्दछ । तसर्थ अनुभूतिको संरचनाको अध्ययन तथा अनुसन्धान गर्दा दबाब र तनाबका सन्दर्भलाई अलग्याएर हेर्न सकिँदैन । त्यसैले सांस्कृतिक समूहको प्रभुत्व र अधीनस्थ तथा प्रतिरोधी चेतना नै अनुभूतिको संरचनाको मूल आधार हो ।

रेमन्ड विलियम्स अनुभूतिको संरचनालाई व्यक्ति वा समूहको अन्तरक्रियाको अध्ययन मान्दछन् । त्यस अन्तरक्रियाभित्र द्वन्द्वको सन्दर्भ साथै दबाब र तनाबको सन्दर्भ पनि रहने कुरा उनले बताएका छन् । उनका मतमा पहिलो तथा प्रभुत्वशाली पिँढी/समुदाय र दोस्रो तथा अधीनस्थ पिँढी/समुदायका बिचको अन्तर्सम्बन्ध तथा आपसी क्रिया प्रतिक्रिया, घात प्रतिघात, द्वन्द्व, दबाब र दमनबाट एकअर्काले दबाब र तनाबजन्य अनुभूति गर्छन् (खनाल, २०६९, पृ. २६) । यसरी दुई पिँढी/समुदायका बिचको अन्तरक्रियाबाट उत्पन्न दबाब र तनाबकै बिचमा त्यसको समाधानस्वरूप नयाँ अनुभूतिको जन्म हुन्छ र समाजले नयाँ बाटो लिन्छ । यस अध्ययनमा रेमन्ड विलियम्सले भने झैं समर्पणको बाटोमा शीर्षकको कथासङ्ग्रहका कथाहरूमा दबाब र तनाबको अवस्था कस्तो छ ? भनी त्यसको अध्ययनका लागि उपयुक्त तीनवटा प्रतिनिधि कथाहरू छनोट गरी प्रत्येक कथामा दबाब र तनाबजन्य अवस्थाको अध्ययन विश्लेषण गरिएको छ ।

**समर्पणको बाटोमा कथा सङ्ग्रहका प्रतिनिधि कथामा दबाब र तनाबजन्य अवस्था**

समर्पणको बाटोमा शीर्षकको कथासङ्ग्रहमा जम्मा सत्रवटा कथाहरू समावेश छन् । तीमध्ये विलियम्सको दबाब र तनाबजन्य अनुभूतिसम्बन्धी मान्यताका आधारमा विश्लेषणका निम्ति उपयुक्त देखिएका तीनवटा कथाहरूको विश्लेषण यस अध्ययनमा गरिएको छ, जुन निम्न रहेको छ :

**बौलाहा बाँसुरी बादक कथामा दबाब र तनाबजन्य अनुभूतिको अवस्था**

प्रस्तुत कथा सामाजिक विषयबस्तुलाई समेटेर लेखिएको कथा हो । यस कथामा भीमकान्त र भक्तमान प्रमुख पात्रहरू रहेका छन् । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको प्रस्तुत कथामा भीमकान्तको जग्गा षड्यन्त्र गरेर भक्तमानले आफ्नो नाममा पास गरेपछिको भीमकान्तको मानसिक अवस्थालाई मार्मिक रूपमा चित्रण गरिएको छ । कथामा भीमकान्त अधीनस्थ पिँढी/समुदायको प्रतिनिधि पात्रका रूपमा उपस्थित रहेको छ भने भक्तमान प्रभुत्वशाली पिँढी/समुदायको प्रतिनिधित्व गर्दै शोषक र सामन्तवादी चरित्र बोकेको पात्रका रूपमा उपस्थित रहेको छ । भक्तमानले अनेकौं षड्यन्त्रपश्चात भीमकान्तको घर जग्गा आफ्नो नाममा पास गरेपछि र भीमकान्तले उक्त जग्गा पास राजीखुसी नभई षड्यन्त्रपूर्वक हो भनी राज्यका सम्पूर्ण निकायहरूमा दिएका उजुरीको सुनुवाई नभएपछिको उसको अवस्थालाई मार्मिक रूपमा चित्रण गरिएको छ ।

भक्तमान प्रभुत्वशाली पिँढी/समुदायको प्रतिनिधि पात्र हो । उसले भीमकान्त जस्ता अधीनस्थ पिँढी/समुदायका पात्रहरूलाई आन्याय, अत्याचार, शोषण र दमन गरेको छ । भक्तमानको शोषणका कारण भीमकान्त शोषित, पीडित र अपहेलित पात्रका रूपमा उपस्थित छ । ऊ भक्तमानको सामन्तवादी प्रभुत्वशाली व्यवहारका कारण मानसिक रूपमा विक्षिप्त बनेको छ । यसले गर्दा उसको पारिवारिक अवस्था पनि तहसनहस भएको छ । गरिबीकै कारण प्रभुत्वशाली पिँढी/समुदायबाट शोषित र पीडित हुनुपर्ने, आफ्नो घरबारी लुटिँदा समेत सहेर बस्नुपर्ने अवस्था भीमकान्तको रहेको छ । भक्तमानको शोषण र उत्पीडनलाई निम्न कथांशले स्पष्ट पार्दछ :

> ढोका खोल ! निस्पट्ट अन्धकारको नीरवतालाई चिर्दै कर्ण-प्रवेश गरेको शब्द-ध्वनिले भीमेको निद्रा खलबलियो । स्वास्नी माइत गएकी थिई । गृहद्वार बाहिर उसको घर संसारलाई उजाड पार्ने उद्दण्ड आँधीको सुसाइसँग, ऊ बेखवर थियो । र ऊ निशङ्क थियो जिन्दगीको गतिसँग; कुनै अनिष्टकारी कुरो चिताएको थिएन । (पृ. ३)

प्रस्तुत कथांशबाट भीमकान्तको अवस्था स्पष्ट भएको छ । यही अवस्थाका कारण उसमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न भएको छ । भक्तमान सहयोगीहरूका साथ भीमेको घरजग्गा कब्जा गर्ने उद्देश्य लिएर उसको घरमा गएको छ र उसको जीवन तहसनहस पार्न उद्दत रहेको छ । भक्तमानको सामन्तवादी प्रभुत्वशाली सस्कृतिले समाजमा दबदबा मच्चाएको स्पष्ट रूपमा देखिन्छ । भीमेले भक्तमानको शोषण र दमनको प्रतिकार गर्न सकेको देखिदैन । त्यसैले ऊ अधीनस्थ पिँढी/समुदायको निरीह पात्रका रूपमा देखिएको छ ।

कथामा भक्तमानको शोषण, दमन र अत्याचार सहेर बस्ने निरीह पात्रका रूपमा भीमे रहेको छ । भक्तमानको अत्याचारी व्यवहारका कारणले गर्दा भीमेमा दबाब र तनाब उत्पन्न भएको छ । त्यस दबाब र तनाबकै कारणले गर्दा भीमे विक्षिप्त भएको छ । भीमेको कमजोरीप्रति उसकी श्रीमती पनि असन्तुष्ट देखिएकी छ । भक्तमानको शोषण र दमनको प्रतिकार गर्न नसकेकोमा भीमे र उसकी श्रीमती दुबैमा दबाब र तनाब उत्पन्न भएको छ । भक्तमानको शोषण र दमनबाट मुक्ति पाउन भीमेले अनेकौँ प्रयास गरेको निम्न सन्दर्भबाट स्पष्ट हुन्छ : “भक्तमानको करकापले गरेको सहीछाप बदर गरी पाउँ ! गाउँ पञ्चायत कार्यालयमा पर्सिपल्ट उसले उजुरी गऱ्यो । यो त पागल भएछ क्यारे ! खुसीराजीले गरेको काम कारवाहीलाई करकाप भन्छ” (पृ. ४) । प्रस्तुत कथ्य सन्दर्भले भक्तमानले जवर्जस्ती कागजमा सहीछाप गर्न लगाई भीमेको जग्गा आफ्नो नाममा पारेपछि भीमेले गाउँपञ्चायत कार्यालयमा गरेको उजुरीको सुनुवाई हुनुको सट्टा उसलाई नै गलत भनेकाले भीमेमा दबाव र तनाबजन्य अनुभूति उत्पन्न भएको छ । उसले गाउँ पञ्चायतमा मात्र नभएर अन्य न्यायिक निकायहरूका पनि आफू उत्पीडनमा परेको जानकारी गराएको छ, तर उक्त जानकारीको कतै सुनुवाई भएको छैन । यस कुरालाई निम्न संवादले स्पष्ट पार्दछ :

> अदालत ! घर फर्कदा उसले आदरपूर्वक स्मरण गऱ्यो । दुःखी दरिद्री अन्यायमा नपरुन भनेर त न्यायलय राखिएको हो । ठूलो भरोसाका साथ फिरादपत्र बोकेर ऊ न्यायलयमा पुग्यो ।
>
> फाल्तु कुरा यहाँ दर्ता हुनै सक्दैन । मूल ढोकैमा उसको प्रवेश निषेध गरियो ।
>
> विधाता ! न्याय पाउँ ! कुनै प्रकारले ऊ न्यायधीस समक्ष पुग्यो ।
>
> ख्वै के छ प्रमाण ?
>
> हजुर ! यी नील डाम छन् शरीरभरि बल प्रयोगका । गरीब छु, तर कैल्यै असत्य बोलेको छैन । भीमले घायल शरीर देखाउँदै भन्यो ।

> हामी त कागजी प्रमाणको घोडा चढ्छौँ, प्रत्यक्ष प्रमाणको होइन । बिना प्रमाणको उजुरी लिन मिल्दैन । न्यायधिसले फैसला गरिदियो । (पृ. ५)

माथिको संवादले के स्पष्ट हुन्छ भने सामाजिक, राजनैतक, सांस्कृतिक आदि हरेक क्षेत्रमा प्रभुत्वशाली पिँढी/समुदायको दवदवा रहेको छ । यस्तो समाजमा भीमे जस्ता अधीनस्थ पिँढी/समुदायको पात्रको गाँस र बास लुटिएको टुलुटुलु हेरेर बस्नुपर्ने बाध्यता रहेको छ । यस्तो अवस्थामा पनि कुनै न्यायिक निकायहरूबाट न्याय नपाएका कारण रणक्षेत्रमा शत्रुहरूद्वारा लखेटिए झैँ भीमे जीवनक्षेत्रबाट लखेटिंदै खिन्नतापूर्ण आक्रोस बोकेर घर फर्किएको छ (पृ. ५) । आफू प्रभुत्वशाली पिँढी/समुदायको प्रतिनिधि पात्र भक्तमानबाट लुटिएको र त्यको न्याय कुनै पनि न्यायिक निकायहरूबाट नपाएको कारण उसमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न भएको छ ।

भक्तमानको प्रभुत्वशाली सामान्तवादी संस्कृतिका कारण घरबारी गुमाएको भीमेलाई सबैले मानसिक रूपमा विक्षिप्त भने तापनि ऊ मानसिक रूपमा भने सबल रहेको छ । उसलाई सबैले बौलाहा भीमेका नामले सम्बोधन गरे तापनि उसले त्यसको प्रतिकार नगरी सहँदै आएको छ । यस्तो सम्बोधनले उसमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न भए तापनि त्यसलाई बाहिर देखाउँदैन । देशमा जब प्रजातन्त्रको पुनःस्थापना भयो, त्यसपश्चात आफूबाट लुटिएको घरबारी फिर्ता हुने आशा भीमकान्तमा रहेको छ । त्यसैले खुसीयाली मुरलीको धुन मार्फत बाँड्दै ऊ हिँड्छ । प्रजातन्त्रको स्थापना पश्चात पनि हिजोको प्रभुत्वशाली पिँढी/समुदायको प्रतिनिधि पात्र भक्तमान गाउँ विकास समिति अध्यक्षको कुर्सीमा पाउँदा भीमेमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न भएको निम्न कथ्य सन्दर्भले देखाउँदछ :

> न्याय पाउँ हजुर ! एक दिन भीमे गाउँ विकास समितिको कार्यालयमा गयो र निवेदन टेबलमा राख्यो । अनि मुरली देब्रे कोखामा च्याप्यो र तनन्क जीउ तन्काएर दायाँ हातले सलाम गऱ्यो । उसका ओठ र नेत्र खुशीयालीमा चञ्चल भएका थिए । अध्यक्षको आसनबाट भक्तमानले नजर उठाएर हेऱ्यो । चार आँखा हुने बित्तिकै भीमकान्त र भक्तमान दुबै झस्के । (पृ. ८)

प्रस्तुत कथामा अधीनस्थ पिँढी/समुदायको पात्रहरूले समाजमा प्रभुत्वशाली पिँढी/समुदायको शोषण र दमनको सिकार भइरहनु पर्ने अवस्थालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । राजनैतिक व्यवस्थामा परिवर्तन भए तापनि प्रभुत्वशाली पिँढी/समुदायकै हालीमुहाली हुने वास्तविकतालाई कथामा देखाईएको छ । अधीनस्थ समुदाय जहिले पनि शोषण र दमनमा सहनुपर्ने अवस्थाका कारण उनीहरूमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न हुने तथ्यलाई कथामा प्रस्तुत गरिएको छ ।

**जीवनयात्रा कथामा दबाब र तनाबजन्य अनुभूतिको अवस्था**

जीवनयात्रा कथामा वर्गसङ्घर्षका विषयवस्तुलाई समेटिएको छ । ग्रामीण वातावरण र त्यसको सजीव चित्र उतारिएको प्रस्तुत कथामा भूपालले विमानसिंहमाथि गरेको अमानवीय व्यवहारलाई देखाइएको छ ।

प्रभुत्वशाली पिँढी/समुदायको आदेशअनुसार चल्नुपर्ने र आफ्नो स्वविवेकले चल्न नपाउँदा उत्पन्न हुने पीडालाई कथामा मार्मिक रूपमा चित्रण गरिएको छ। कथामा भूपाल प्रभुत्वशाली पिँढी/समुदायको प्रतिनिधि पात्रका रूपमा कथामा आएको छ भने विमानसिंह अधीनस्थ पिँढी/समुदायको पात्रका रूपमा चित्रित छ। विमानसिंह अधीनस्थ पिँढी/समुदायका किसान, मजदुर र सोझासाझा निमुखा वर्गको प्रतिनिधि पात्रका रूपमा चित्रित छ। अधीनस्थ पिँढी/समुदायको पात्रका रूपमा रहे तापनि उसमा क्रान्तिकारी विचारधारा बोकेको छ। प्रभुत्वशाली पिँढी/समुदायको पात्र भूपालसँग मितेरी साइनो गाँसेको विमानसिंहमा षड्यन्त्र र छलकपट भने देखिदैन।

विमानसिंहले भूपालबाट किनेको केही उब्जाउ नहुने पाखोबारीमा गरेको मेहनत र परिश्रमका कारण उक्त पाखो बारी केही उब्जाउयोग्य भएको छ र त्यही बारीमा उसले घर पनि बनाएको छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने विमानसिंह प्रभुत्वशाली पिँढी/समुदायको अधीनस्थ रहेर श्रम गर्ने श्रमिक पिँढी/समुदायको प्रतिनिधि पात्रका रूपमा आएको छ। ऊ बाध्यताले भूपालको दास भएको छ। उसको चाहना दास भएर बस्ने नभए तापनि बाध्यताबस दास बन्न पुगेको छ। प्रभुत्वशाली पिँढी/समुदायको शोषण र उत्पीडनका कारण विमानसिंहमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न्न भएको छ। भूपालको शोषण र दमन बाट मुक्त हुनुपर्छ भन्ने मान्यता उसमा रहेको छ। आफू प्रभुत्वशाली पिँढी/समुदायको सामन्तवादी संस्कृतिबाट पिल्सिएको भए तापनि उदयीमान पिँढी/समुदायले प्रभुत्वशाली संस्कृतिको प्रतिरोध गर्न सकुन भन्ने मान्यता रहेको देखिन्छ।

भूपाल यस कथाको प्रभुत्वशाली पिँढी/समुदायको प्रतिनिधि पात्र हो। उसको गाउँघरमा हैकम र रवाफ रहेको छ। उसले केही उब्जाउ नहुने पाखो जग्गा पूरा दाम असुलेर विमानसिंहलाई बेचेको छ। उक्त जग्गामा अथक रूपमा मेहनत गरेर उब्जाउयुक्त बनाएपछि भूपालमा लोभ पलाएको छ। त्यसैले उक्त जग्गा आफ्नो भएको र कमाएर खानलाई मात्र दिएको भन्ने भनाइले विमानसिंहमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न भएको निम्न कथ्य सन्दर्भले स्पष्ट पार्दछ : "मैले त बस्न र कमाउन मात्र दिएको हुँ, घर जग्गा त मेरै हो नि ! मैले नै तिरो तिरेको छु, रसिद मेरै नाउँमा छन्। शान्तपूर्वक भूपालले जवाफ दियो" (पृ. १४)। प्रस्तुत कथ्य सन्दर्भबाट भूपालले विमानसिंहको श्रम र पसिनामाथि खेलबाँड गरेको स्पष्ट देखिन्छ। सुरुमा मित साइनोको आत्मीयता देखाएर बेचिसकेको जग्गा आफ्नै हो भनी दावी गर्नुले भूपालको प्रभुत्वशाली संस्कृति स्पष्ट देखिन्छ। भूपालको यस्तो व्यवहारबाट विमानसिंहमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न भएको छ।

कथामा आएको अर्को प्रमुख पात्र निर्मल हो। उसमा पनि प्रभुत्वशाली संस्कृति स्पष्ट रूपमा देखिन्छ। विमानसिंहको परिवारमा आएर भूपालका शोषण र दमनयुक्त योजनाहरू कार्यान्वयन निर्मल गर्न तल्लीन पात्र हो भन्ने निम्न उद्धरणबाट स्पष्ट हुन्छ : "हेर कान्छा ! तेरा बाबुको लिँडेढिपीले काम चल्दैन। यत्रो घरवारी गुमाउनुभन्दा मीतबालाई पत्रम-पुष्पम् गरेर आफ्नै नाउँमा दर्ता गरा। दुईचार पैसा नपुग भए म खोजिदिन्छु। परम हितैषी बनेर निर्मलले प्रतापलाई सल्लाह दियो" (पृ. १५)। यस कथ्य सन्दर्भले निर्मलमा चिल्ला कुरा गरेर

अधीनस्थ पिँढी/समुदायको प्रतापसिंहलाई आर्थिक रूपमा शोषण गर्ने मनासय बनाएको छ । उसले विमानसिंहले उपयोग गरिरहेको जग्गा भूपालको भएको र त्यो जग्गा किनेर आफ्नो नाममा राख्न आग्रह गरेको छ । पहिले नै किनिसकेको जग्गा पुनः किन्नुपर्ने अवस्थाका कारण प्रतापसिंह लगायत सम्पूर्ण परिवारमा दबाब र तनाबजन्य अनुभूति निर्माण भएको छ । त्यसले गर्दा प्रतापसिंहले भूपालालई केही रकम दिएर केही बाँकी राखी तनाबको अवस्थालाई केही कम गर्न चाहेको छ । त्यसको केही समयमा नै बाँकी रहेको पैसा समयमा नै तिर्न नसकेको भन्दै पुनः घरबारी हडप्न आएका भूपाल र निर्मललाई प्रतापसिंहले प्रतिरोध गरेको छ । कथामा आएको “टेर्दैन यसले....? निर्मल गोरु झम्टन पुग्यो र एउटा गोरु फुकाइदियो । प्रताप क्रुद्ध भएर हल रोक्यो । लौरो माटोमा गाड्यो र उफ्रेर अगाडिपट्टि गयो । उसले निमेशभरमै झड्का दिएर निर्मललाई तान्यो र एक काल्नो तल हुत्याइदियो”(पृ. १७ ) । यस सन्दर्भले उक्त कुराको पुष्टि गर्दछ ।

प्रस्तुत कथ्य सन्दर्भबाट प्रतापसिंहले जग्गा वापतको रकम समयमा नै तिर्न नसक्दा नारेका गोरु फुकाउन आउँदा दबाब तनाब उत्पन्न भएको छ । प्रतापसिंहले प्रभुत्वशाली पिँढी/समुदायको ज्यादतिको प्रतिरोध गरी निर्मललाई डिलमुनी फालेको छ । त्यसपछि प्रतापसिंलाई ज्यान मार्ने उद्योगमा गिरफ्तार गरेपछि विमानसिंहको परिवारमा दबाब र तनाबको अनुभूति उत्पन्न भएको निम्न कथानकबाट स्पष्ट हुन्छ : “भोलिपल्ट ज्यान मार्ने उद्योगमा प्रतापसिह पुर्पक्षको निमित्त गिरफ्तार गरियो” (पृ. १७) । प्रतापसिंहको गिरफ्तारीपश्चात घरको रेखदेखकर्ता नभएको महसुसले गर्दा विमानहिंको परिवारमा दबाब र तनाब उत्पन्न भएको छ । प्रभुत्वशाली पिँढी/समुदायको सामाजिक बहिष्कारका कारण विमानसिंह मर्दा समेत मलामी जाने मानिस नभएर उसको पुर्ख्यौली गाउँबाट मानिसहरू आएर अन्तिम सस्कार गर्नुपरेको कारणले उक्त परिवारको दबाब र तनाबजन्य अनुभूतिलाई पुष्टि गर्दछ ।

**बिजयोत्सव कथामा दबाब र तनाबजन्य अनुभूतिको अवस्था**

विजयोत्सव कथामा एक नेपालीले स्वाभिमानपूर्वक जीवनयापन गर्न गरिएको सङ्कल्पलाई उजागर गरिएको छ । स्वभिमानपूर्ण जीवनयापनका समयमा आइपर्ने समस्या र त्यसका विरुद्धमा गरिएको सङ्घर्ष कथामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । पञ्चायती शासनव्यवस्थाको अन्त्य तथा प्रजातान्त्रिक व्यवस्थाको प्रारम्भपश्चात समाज काङ्ग्रेस र कम्युनिष्टका नाममा विभाजित भएको र कम्युनिष्ट भएर भद्रेले समाजमा बाँच्न गरेको सङ्घर्ष नै कथाको विषयवस्तु बनेर आएको छ ।

कथामा २०४६ साल पछिको राजनैतिक सन्दर्भलाई विषयवस्तुका रूपमा उठान गरिएको छ । २०४६ सालको राजनैतिक परिवर्तनपश्चात समाज राजनैतिक रूपमा काङ्ग्रेस र कम्युनिष्ट गरी दुई भागमा विभक्त भएको पाइन्छ । त्यसमध्ये काङ्ग्रेसले प्रभुत्वशाली राजनैतिक संस्कृतिलाई आत्मसात् गरेको छ भने कम्युनिष्टले अधीनस्थ एवम् उदयीमान संस्कृतिलाई आत्मसात् गरेको देखिन्छ । यस कथाको प्रमुख पात्र भद्रमान हो । ऊ समाजमा नामअनुसारकै भद्र व्यक्तिका रूपमा परिचित छ । राजनैतिक परिवर्तनले उसलाई कम्युनिष्ट कित्तामा

पुऱ्याएको छ । त्यसकारणले गर्दा पनि प्रभुत्वशाली राजनैतिक संस्कृतिका पक्षपोषकहरूले ऊ र उसको परिवारलाई अपमानजनक व्यवहार गर्ने गरेको र त्यस अपमानले ऊ र उसकी श्रीमतीमा तनाब उत्पन्न भएको निम्न कथ्य सन्दर्भले स्पष्ट पार्दछ : "जातपात नमान्ने कमिनिस्टेले छोएको पानी खाइँदैन । एउटी चारतारे शिक्षिकाले थापिरहेको गाग्री थुतेर फाली र आफ्नो गाग्री थापी" (पृ. ७५) । उल्लिखित कथ्य सन्दर्भले फरक राजनीतिक आस्था राखेकै भरमा धारामा समेत बहिष्कार भोग्नु परेकाले भद्रमानकी श्रीमतीमा तनाबजन्य अनुभूति उत्पन्न भएको छ ।

कथामा प्रभुत्वशाली पिँढी/समुदायको शोषण र दमन पानीको धारामा मात्र सीमित नरहेर समाज र समाजमा रहेका आम जनसमुदायमा पनि रहेको छ । प्रजातन्त्र प्राप्तिको श्रेय आफैँले पाउनुपर्छ भन्ने रहेको छ । त्यसकारण पनि भद्रेजस्ता व्यक्तिहरूले राजनैतिक रूपमा हाम्रो अधीनस्थ भएर बस्नुपर्छ भन्ने मान्यता रहेको देखिन्छ । यदि त्यसो हुन सकेन भने उनीहरूलाई समाजिक रूपमा बहिष्कार गर्ने सम्मको योजना उनीहरूको रहेको निम्न कथ्य सन्दर्भबाट स्पष्ट हुन्छ : "आज हाम्रो जुलुस र आमसभा छ, जसरी पनि जानुपर्छ । भद्रेमाथि आफ्नो हक दावी गर्नेहरूको सूचना आयो । यस पटक पनि उसले सुन्यो मात्र कुनै प्रतिक्रिया जनाएन । न त ऊ सभामा जुलुसमा नै गयो" (पृ. ७६) । यस कथांशबाट प्रभुत्वशाली राजनैतिक संस्कृतिका प्रतिनिधि पात्रहरूले भद्रेलाई राजनैतिक रूपमा अधीनस्थ बनाउन खोजेको स्पष्ट हुन्छ । यसरी राजनैतिक रूपमा गरेको शोषण र दमनका कारण भद्रेमा दबाब र तनाबजन्य अनुभूति सिर्जना भएको छ ।

भद्रे आफ्नो राजनैतिक अडानबाट अलिकति पनि विचलित नभएपछि उसलाई सामाजिक रूपमा बहिष्कार गर्ने, उसँग भारोपर्म नगर्ने, उसलाई भोज-भतेरमा ननिम्त्याउने जस्ता अमानवीय एवम् असामाजिक गतिविधिका कारण उसमा दबाब र तनाबजन्य अनुभूति सिर्जना भएको छ । यस्ता अमानवीय क्रियाकलापबाट पनि उसलाई गलाउन नसकेपछि "भद्रेले रुख काटेर सर्वनास गऱ्यो" (पृ. ७७) भनी झुटा मुद्धा दर्ता गरी उसलाई अधीनस्थ बनाउन खोजिएको छ । उसले पार्टीको सदस्यता लिए मुद्धा फिर्ता हुने सम्मका आस्वासनहरू आएका देखिन्छन् । उक्त आस्वासनहरूमा कुनै आशावादी नभइकन भद्रेले आफू कुनै पनि दलको सदस्य नबन्ने र तारिख खेप्न तत्पर रहेको अभिव्यक्ति दिएको छ, जुन निम्न सन्दर्भले स्पष्ट पार्दछ : "भो म कसैको सदस्य हुन्न, जे हुन्छ अड्डाबाटै होला । उसले फेरि पनि इन्कार गऱ्यो । सवाल जवाफ केही गरेन । त्यसपछि उसले बन कार्यालयमा तारिख खेप्न थाल्यो" (पृ. ७७) ।

उपर्युक्त कथ्य सन्दर्भबाट भद्रे प्रमुत्वशाली पिँढी/समुदायको शोषण र दमनमुखी संस्कृतिबाट प्रभावित नभई आफ्नो विचारमा गडिग पात्रका रूपमा उपस्थित भएको छ । भद्रमानलाई कुनै पनि बहानामा गलाउन नसकिएकोमा प्रभुत्वशाली पिँढी/समुदायमा दबाब र तनाबजन्य अनुभूति उत्पन्न भएको कथामा स्पष्ट रूपमा आएको छ ।

## निष्कर्ष

घनश्याम ढकालको 'समर्पणको बाटोमा' कथासङ्ग्रह भित्रका 'बौलाहा बाँसुरी बादक', 'जीवनयात्रा', र 'विजयोत्सव' कथाहरूले वर्तमान नेपाली समाजको यथार्थ परिस्थितिको चित्रण गरी सामाजिक संस्कृति, वर्गीय विभेद र शक्ति सन्तुलनलाई प्रस्ट देखाउन सफल भएका छन् । रेमन्ड विलियम्सको 'अनुभूतिको संरचना' सिद्धान्तलाई कृति विश्लेषणको आधार बनाएर गरिएको विश्लेषणले प्रभुत्वशाली पिँढी/समुदाय/समुदायद्वारा अधीनस्थ पिँढी/समुदाय/समुदायमाथि गरिएको शोषण, दमन,अन्याय र अत्याचाबाट उत्पन्न हुने गहिरो दबाब र तनाबजन्य अनुभूतिहरूलाई स्पष्ट पारेको छ । यी कथाहरूमा, आर्थिक, सामाजिक र राजनीतिक प्रभुत्वले कसरी व्यक्तिको जीवन र मानसिक अवस्थामा नकारात्मक प्रभाव पार्छ भन्ने कुराको यथार्थवादी चित्रण गरिएको छ । भीमकान्तको विक्षिप्तता, विमानसिंहको पारिवारिक विघटन र भद्रमानमाथिको सामाजिक बहिष्करणका कारण अधीनस्थ पिँढी/समुदायले भोग्नुपर्ने पीडालाई उजागर गर्छ । तर विश्लेषित कथाहरूले केवल पीडा र दमन मात्र देखाउँदैनन्, बरु अधीनस्थ पिँढी/समुदायकको प्रतिरोधको चेतना, अडान र नयाँ संस्कृतिको सम्भावित उदयलाई पनि सङ्केत गर्छन् । समग्रमा, 'समर्पणको बाटोमा' कथासङ्ग्रहले नेपाली समाजमा प्रभुत्व र अधीनस्थ पिँढी/समुदायका बिचको जटिल अन्तरसम्बन्ध र त्यसबाट उत्पन्न हुने अनुभूतिको संरचनालाई सफलतापूर्वक प्रस्तुत गरेको छ । यसले पाठकलाई सामाजिक अन्याय र शोषणप्रति सचेत गराउँदै परिवर्तनका लागि चिन्तन गर्न प्रेरित गर्छ ।

## सन्दर्भसामग्री सूची


खनाल, विन्दुदेवी (२०६९). महेशविक्रम शाहका कथामा अनुभूतिको संरचना.अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

ढकाल, घनश्याम (२०५१). *समर्पणको बाटोमा.* पोखरा : बन्दना प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९). *'साहित्य के समाजशास्त्र की भूमिका',* चण्डीगढ. हरियाणा साहित्य अकादमी ।

पाण्डेय, ताराकान्त (२०७३).'अनुभूतिको संरचनाका परिप्रेक्ष्यमा बसाइँ उपन्यासको समाजशास्त्र'. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुरः साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'.भृकुटी. भाग १९, पृ.३३४-३६४ ।